# 'सुधार थालिहाल्छौं'

काठमाडौं (कास)- वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले गैरप्रतिस्पर्धात्मक अभ्यास बढीरहेकाले सार्वजनिक संस्थानहरु सुधारिने बताए ।

निजी क्षेत्रलाई प्रतिस्पर्धात्मक हुन प्रेरित गर्न सकिने बताउदै उनले मुलुकका धेरै क्षेत्रमा गैरप्रतिस्पर्धात्मक अभ्यास अत्याधिक भएको बताए । विश्व प्रतिस्पर्धा दिवसको अवसरमा आयोजना गरिएको कार्यक्रममा भट्टले उपभोक्ताको हित र गैरप्रतिस्प्रर्धाको समाधानकालागि सरकार अनुसन्धानमा लागिरहेको बताए ।

साउथ एसिया वाच ट्रेड, इकोनोमिक्स एण्ड इन्भारोमेन्ट (सावती), नेपाल वार एसोसिसियन,लयर्स एकोडेमी र आर्थिक पत्रकार समाज (सेजन)ले संयुक्त आयोजना गरेको कार्यक्रममा सावतीका कार्यक्रम निर्देशक धुवेशचन्द्र रेग्मीले उदार आर्थिक प्रणालीमा सर्वसाधारण उपभोक्ताको अहितमा कार्टेलिङ, सेण्डिकेटजस्ता गैरप्रतिस्पर्धात्मक अभ्यास हुनसक्ने भएकाले प्रतिस्पर्धा कानूनको आवश्यकता रहेको बताए । उनले स्वच्छ प्रतिस्पर्धाको सुनिश्चितताका लागि ल्याईएको प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐनले प्रतिस्पर्धा प्रवर्द्धन बोर्ड, वाणिज्य अदालत, क्षतिपूर्ति प्रवन्धजस्ता संस्थागत र कार्यात्मक प्रवन्ध गरेको उल्लेख गर्दै गैरप्रतिस्पर्धात्मक व्यवाहारलाई परिभाषित गरेको बताए । रेग्मीले शक्तिसम्पन्न आयोगको बदलामा कमजोर अस्तित्व भएको बोर्डको प्रबन्ध गर्नु, वाणिज्य विभागलाई कार्यकारी अधिकार नदिनु, तोकिएका निकायहरुलाई पर्याप्त श्रोत साधनको प्रबन्ध गर्न नसक्नु र उच्च राजनीतिक प्रतिबद्धताको अभाव रहनुजस्ता कारणले प्रतिस्पर्धा कानूनको प्रभावकारी कार्यान्वयन हुन नसकेको धारणा राखे ।